# सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपाल
## विधान संशोधन प्रस्ताव

## २०७५।१।२८मा आयोजना गरिएको साधारण सभामा निर्णयका लागि प्रस्तुत मस्यौदा

### विधान २०६१ (तेस्रो संशोधन २०७४)

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **प्रस्तावना**<br>........विद्युतउपभोक्ता संस्थाहरुलाई राष्ट्रियरुपमा आबद्ध गरी उनीहरुको संस्थागत विकास गर्न आवश्यक भएकोले ......... | **प्रस्तावना**<br>........विद्युत उपभोक्ता संस्थाहरुलाई राष्ट्रियरुपमा आबद्ध गरी उनीहरुको संस्थागत विकास गर्न आवश्यक भएकोले **संघीय राज्य संरचनालाई समेत मध्यनजर गर्दै** ...... | महासंघको सांगठनिक संरचनालाई संघीय संरचना अनुसार निर्माण गर्न आवश्यक भएकोले । |
| **४(छ)विद्युतीकरण मार्फत अवसरबाट बन्चित समुदायको आर्थिक तथा सामाजिक स्तर बृद्धि गर्न सहयोग गर्ने** | **४(छ)विद्युतीकरण मार्फत महिला तथा अवसरबाट बन्चित समुदायको आर्थिक तथा सामाजिक स्तर बृद्धि गर्न सहयोग गर्ने** | महीला थप गरिएको |
| **४(ट)ग्रामीण क्षेत्रमा सिप तथा रोजगारी सिर्जना गर्ने** | **ग्रामीण क्षेत्रमा सिप ,उद्यमशिलता तथा रोजगारी सिर्जना गर्ने ।** | उद्यमशिलता प्राथमिकतामा रहेकोले |
| ह्ाल व्यवस्था नभएको | २ (ड) 'प्रदेश कार्यसमिति'भन्नाले प्रादेशिक तहमा गठित प्रदेश कार्यसमितिलाई जनाउँछ । | प्रदेश कार्यसमितिलाई परिभाषित गर्न आवश्यक भएकोले । |
| हालव्यवस्थानभएको | ११ (ग) पश्चात् देहायको (घ) थप गर्ने र ( घ) र (ङ) लाई क्रमश:(ङ) र (च) बनाउने (घ) प्रदेश कार्य समिति । | महासंघको संरचनाम ाप्रदेश कार्य समिति राख्न आवश्यक भएकोले |
| ११(क)(२) केन्द्रिय अध्यक्षले केन्द्रिय कार्यसमितिको सिफारिसमा विषय विज्ञ, महिला, पिछडिएको वर्ग वा विशेष योगदान पुऱ्याएका | ११(क)(२)५००० भन्दा धेरै ग्राहक सदस्य भएका प्रत्येक सदस्य सस्थाबाट थप १ जना महिला प्रतिनिधि | महासंघमा महिला प्रतिनिधित्वको सुनिश्चितता बढाउन आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| व्यक्तिहरुमध्येबाट मनोनित १५ जना सदस्य | | |
| ११(ग)(१)(ग) जिल्ला समितिका अध्यक्षहरु | ११(ग)(१)(ग) हटाउने । | राष्ट्रिय परिषद्लाई व्यवस्थित गर्न आवश्यक भएकोले । |
| १३(ख) सदस्यहरु<br>- प्रत्येक विकास क्षेत्रबाट सम्बन्धित विकास क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुले छनौट गर्ने १ जना महिला सहित २ जना सदस्य गरी १० जना सदस्य<br>- महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरुले हलबाट निर्वाचितगर्ने - ८ जना सदस्य ।<br>- लैङ्गिक सन्तुलन हुनेगरी र समावेशीकरणको अवधारणा बमोजिम विषय विज्ञ, सामुदायिक विद्युतिकरणको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरु, पिछडिएको वर्ग तथा क्षेत्रका व्यक्तिहरु, अवसरबाट वञ्चित समुदाय, दलित, आदिवासी/जनजाति, तराई-मधेशी आदि मध्येबाट राष्ट्रिय कार्य समितिले मनोनयन गर्ने - ८ जना सदस्य | **१३(ख) सदस्यहरु**<br>- प्रत्येक प्रदेशबाट सम्बन्धित प्रदेशक ामहाधिवेशन प्रतिनिधिहरुले छनौट गर्ने १ जना महिला सहित २ जना सदस्य गरी १४जना सदस्य<br>तर १० भन्दा कम सदस्य संस्था भएको प्रदेशबाट सदस्य छनौट गरिने छैन ।<br>- महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरुले खुल्ला प्रतिष्पर्धाबाट निर्वाचित गर्ने - ५ जना सदस्य ।<br>- लैङ्गिक सन्तुलन हुने गरी र समावेशीकरणको अवधारणा बमोजिम विषय विज्ञ, सामुदायिक विद्युतिकरणको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरु, पिछडिएको वर्ग तथा क्षेत्रका व्यक्तिहरु, अवसरबाट वञ्चित समुदाय, दलित, आदिवासी/जनजाति, तराई-मधेशी आदि मध्येबाट राष्ट्रिय कार्य समितिले मनोनयन गर्ने ४ जना सदस्य | महाधिवेशनको प्रतिनिधित्व प्रणाली व्यवस्थित गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| हाल व्यवस्था नभएको | **परिच्छेद ४ क**<br><br>**१६क. प्रदेश कार्य समितिको स्थापना :** सबै प्रदेशहरुम ाप्रदेश कार्यसमितिको गठन हुनेछ ।<br>**१६ख. प्रदेशअधिवेशन :** देहायक ाप्रतिनिधिहरु रहने गरी प्रत्येक ३ वर्षमा प्रदेश अधिवेशन हुनेछ :<br>(क) प्रदेश भित्र रहेको सबै सदस्य संस्थाको अध्यक्ष वा अध्यक्षले तोकेको १ जना प्रतिनिधि र १ जना महिला गरी २ जना ।<br>(ख) प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यहरु<br><br>**१६ग. प्रदेश कार्य समितिको गठन** :प्रदेश अधिवेशनका प्रतिनिधिहरुले आपसी सहमति वा खुल्ला प्रतिष्पर्धाका आधारमा देहाय बमोजिमको प्रदेश कार्य समिति गठन गर्नेछन् :<br>(क) अध्यक्ष १जना<br>(ख) उपाध्यक्ष १जना<br>ग)महीला उपाध्यक्ष १ जना<br>(घ) सचिव १ जना<br>(ङ) कोषाध्यक्ष १ जना<br>( च)सदस्य - ३ महिला ३ पुरुष गरी ६ जना<br>**१६घ. प्रदेश कार्यसमितिको काम, कर्तब्य र अधिकार** :प्रदेश कार्य समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) यस विधानको उद्देश्य कार्यान्वयन गर्ने ।<br>(ख) राष्ट्रिय कार्य समितिले अधिकार प्रत्यायोजन गरेको कार्यहरु गर्ने ।<br>(ग) प्रदेश अधिवेशनका निर्णयहरु कार्यान्वयन गर्ने ।<br>(ङ) प्रदेश कार्यसमितिले आफनो कार्य सञ्चालन विधि आफै तय गर्नेछ ।<br>(च) प्रदेश कार्य समितिले प्रत्येक वर्ष सदस्य संस्थाबाट १ महिला र १ पुरुषको प्रतिनिधित्व हुने गरी आफनो वार्षिक परिषद् आयोजना गर्नु | प्रादेशिक संरचना स्थापना गरी महासंघको कार्यहरुलाई व्यवस्थित गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | पर्नेछ र परिषद् सञ्चालन सम्बन्धी व्यवस्था आफै तय गर्नु पर्नेछ ।<br>छ) प्रदेश समितिका अध्यक्षहरु राष्ट्रिय कार्य समितिको बैठकमा आमन्त्रीत सदस्य हुन सक्नेछन । | |
| हाल व्यवस्थ ानभएको | १६(४) कुनै स्थानीय तहमा २ वा सो भन्दा धेरै सदस्य सस्था रहेको अवस्थाम ामहासंघको स्थानीय कार्यसमिति गठन गर्न आवश्यक देखिएमा स्थानीय कार्य समिति गठन गर्न सकिने छ र यस क्रममा आपसमा सिमा जाेडिएका एकभन्दा धेरै स्थानीय तहमा रहेका सदस्य संस्थाहरुले स्थानीय तहमा संयुक्त स्थानीय कार्य समिति पनि गठन गर्न सकिने छ । | महासंघको स्थानीय संरचना गठन गर्न उपयुक्त भएकोले । |